दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ५१ | बुटवल | २०८२ फागुन ०२ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday February 14, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


# कस्ता छन् जसपा र आजपाको घोषणापत्र ?

**संविधान पुनरावलोकन आयोग गठन गरी त्यसको सुझावका आधारमा संविधान संशोधन, २०४७ सालदेखि हालसम्मका जनप्रतिनिधि र उच्च पदस्थ कर्मचारीको सम्पत्ति छानबिन गर्नुपर्ने विषयलाई जसपाले प्राथमिकता दिएको छ। आजपाले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, भ्रष्टाचार नियन्त्रणका लागि छुट्टै संरचना, एक घर एक रोजगारी, निःशुल्क स्वास्थ्य र शिक्षालगायतका विषयलाई समावेश गरेको छ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*





फागुन २१ मा हुने चुनावका लागि जनता समाजवादी पार्टी, नेपाल र आम जनता पार्टी (आजपा) ले आफ्नो घोषणापत्र सार्वजनिक गरेका छन् ।

शुक्रबार काठमाडौंमा छुट्टाछुट्टै पत्रकार सम्मेलन गरेर दुई दलले घोषणापत्र सार्वजनिक गरेका हुन् ।

जसपा नेपालको घोषणापत्र अध्यक्ष उपेन्द्र यादवले र आजपाको घोषणापत्र अध्यक्ष प्रभु शाहले सार्वजनिक गरेका हुन् ।

जसपा नेपालको घोषणापत्रमा सो पार्टीले संविधान संशोधनका लागि पुनरावलोकन आयोग गठन गरी उक्त आयोगको सुझावका आधारमा काम अघि बढाउनुपर्ने बताएको छ ।

'राजनीतिक लोकतन्त्र, आर्थिक लोकतन्त्र, सामाजिक लोकतन्त्र, समावेशी लोकतन्त्र तथा साँस्कृतिक लोकतन्त्रलाई संस्थागत गर्नेलगायतका विषयहरूमा संविधान विज्ञहरू सम्मिलित उच्चस्तरीय संविधान पुनरावलोकन आयोग गठन गरी उक्त आयोगको सुझावको आधारमा संविधान संशोधन/परिमार्जन तथा पुनर्लेखन गर्नुपर्ने आवश्यकता रहेको स्पष्ट धारणा जसपा, नेपालको रहेको छ ।'- घोषणापत्रमा भनिएको छ ।

पार्टीले राष्ट्रिय सुरक्षा, अखण्डता, स्वाधीनता, स्वतन्त्रता, सार्वभौमसत्ता, सीमाना, पर्यावरणको सुरक्षा, नागरिकहरूको आर्थिक विकास तथा सामाजिक, साँस्कृतिक मूल्य र मान्यताहरूको जगेर्नालाई सर्वोपरि राखी राष्ट्रियहितको आधारमा सबै मित्रराष्ट्रहरूसँग सु-सम्बन्ध कायम गर्दै शान्ति, स्थायित्व, आर्थिक विकासको रूपान्तरण र समृद्धिको दिशामा अघि बढ्न द्विपक्षीय वा बहुपक्षीय सम्बन्ध विस्तार गर्नुपर्ने घोषणापत्रमा उल्लेख गरेको छ ।

नेपालको संविधान मूलतः नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले बहुमतको दम्भमा जारी गरेको दस्तावेज भन्दै जसपाले संविधान जारी गर्दाको बखत सिँगो देश दुई कित्तामा विभाजित रहेको र संविधानमा प्रमुख दलहरूले पहिचान र सामर्थ्यका आधारमा राज्य पुनर्संरचना गर्ने आफैँले घोषणा गरेका तथा पहिलो संविधानसभाले पारित गरेका राज्य पुनर्संरचनालगायत महत्वपूर्ण प्रावधानहरूलाई उल्ट्याइएको उल्लेख गरेको छ । यो संविधानले मुलुकको संघीय संरचना, विविधता, सामाजिक न्याय, समावेशी तथा सामाजिक लोकतन्त्रको आधारभूत मान्यताहरूलाई आत्मसात् गर्न नसकेको ठहर गर्दै जसपाले शासकीय स्वरूपमा परिवर्तन, राष्ट्रिय पहिचानमा आधारित संघीयता र प्रादेशिक संरचनाको निर्माण, न्याय प्रणालीलाई संघीय स्वरूपमा पुनर्संरचना गर्न, संवैधानिक निकायहरूलाई बलियो बनाउन, जनलोकपाल जस्ता निकायहरूको गठन गर्नुपर्ने घोषणापत्रमा उल्लेख गरेको छ।

संविधान विज्ञहरू सम्मिलित उच्चस्तरीय संविधान पुनरावलोकन आयोग गठन गरी उक्त आयोगको सुझावको आधारमा संविधान संशोधन/परिमार्जन तथा पुनर्लेखन गर्नुपर्ने आवश्यकता रहेको घोषणापत्रमा उल्लेख छ ।

देशमा भ्रष्टाचार, माफिया तथा बिचौलियाको हावी, गुणस्तरहीन सेवा र गहिरिँदो असमानताको मूल कारण स्वास्थ्य, शिक्षा र न्यायजस्ता आधारभूत सार्वजनिक सेवाहरूलाई निजीकरण गर्नु भएकाले स्वास्थ्यलाई उच्च प्राथमिकताको सार्वजनिक सेवा मानी दीर्घकालीन योजनाबाट प्रेरित भई समयसीमासहितको स्वास्थ्य नीतिमा व्यावहारिक सुधार लागू गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । जसपाले सबै नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा, हरेक प्रदेशमा कम्तिमा एउटा अत्याधुनिक वहुविशिष्टिकृत सेवाप्रदायक अस्पताल र एउटा स्वास्थ्य विज्ञान प्रतिष्ठानका साथै हरेक स्थानीय तहमा एउटा सुविधासम्पन्न अस्पताल स्थापना गरिने घोषणापत्रमा उल्लेख छ ।

स्वास्थ्य बिमा कार्यक्रमलाई सहज र आम नागरिकको पहुँचमा ल्याइने, सबैका लागि उत्कृष्ट र सुविधाजनक अस्पताल सेवा सुनिश्चित गर्न एकरूपता गुणस्तर मापदण्ड लागू गरिने घोषणापत्रमा उल्लेख छ ।

शिक्षाको पूर्ण सार्वजनिकीकरण गर्दै स्कूल, कलेज र विश्वविद्यालयहरू सार्वजनिक प्रणालीअन्तर्गत सञ्चालन गरिने, शिशु कक्षादेखि उच्च तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गरिने घोषणापत्रमा उल्लेख छ ।

कानुनी सेवालाई राज्यको प्रत्यक्ष सेवा बनाउँदै कानुन र न्यायलाई पूर्णतः सार्वजनिक दायित्वका रूपमा स्थापित गरिने, सबै नागरिकका लागि निःशुल्क कानुनी सहायताको व्यवस्था, सरल प्रक्रिया र स्पष्ट समयसीमासहित छिटोछरितो तथा पहुँचयोग्य न्याय प्रणाली, संघीय संरचनाअनुरूप न्यायालयको पुनर्संरचना तथा न्याय प्रणालीमा सुधार, संघ, प्रदेश र स्थानीय तहबिच स्रोत र अधिकार बाँडफाँटको न्यायोचित कानुनी व्यवस्था गरिने घोषणापत्रमा उल्लेख छ ।

सहकारीद्वारा अपचलित रकम फिर्ता गराउँदै सहकारी पीडितलाई न्याय दिलाइने, भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अपनाइने, भ्रष्टाचार नियन्त्रणलाई अझ प्रभावकारी बनाउन जनलोकपालको व्यवस्था, २०४७ सालदेखि हालसम्म भएका निर्वाचित जनप्रतिनिधिहरू, प्रधानमन्त्रीलगायत मन्त्रीहरू, उच्च पदस्थ कर्मचारीहरू, सुरक्षा निकायका उच्च पदस्थ पदाधिकारीहरू र संवैधानिक आयोगहरूमा भएका पदाधिकारीहरूको सम्पत्ति छानबिन गरिने घोषणापत्रमा उल्लेख छ ।

वैदेशिक रोजगारमा रहेका श्रमिकहरूको सुरक्षित रोजगारीको व्यवस्था, निःशुल्क (फ्रि भिसा र फ्रि टिकट) रोजगारी प्रदान गर्ने नीति लागू , वन संरक्षण र सम्वर्द्धन कार्यक्रम विस्तार, जलवायु अनुकूल कृषि प्रवर्द्धन, व्यवस्थित शहरीकरण कार्यक्रम सञ्चालन, चुरे संरक्षण र पर्यावरणीय सन्तुलन गरिने घोषणापत्रमा उल्लेख छ ।

यस्तै अव्यावहारिक भूमि विधेयक खारेज गरी नयाँ वैज्ञानिक भूउपयोग कानुन तर्जुमा गरिने, अनावश्यक प्लटिङ र वन अतिक्रमणमा कडा नियन्त्रण, चुरे वनक्षेत्र तथा सार्वजनिक जग्गाको संरक्षणका लागि आवश्यक कानुनी व्यवस्था, वैज्ञानिक चक्लाबन्दी कार्यक्रम लागू , सहकारीमा आधारित सामूहिक खेती विस्तार, भर्टिकल फार्मिङ प्रवर्द्धनमार्फत् आगामी ५ वर्षभित्र पचासलाख रोजगारी सिर्जना गरिने घोषणापत्रमा उल्लेख छ ।

गरिबीको रेखामुनी रहेका जनसंख्यालाई आगामी ५ वर्षभित्र १० प्रतिशतमा ल्याइने, साक्षरता दरलाई आगामी ५ वर्षभित्र ९० प्रतिशत पुऱ्याइने, हुलाकी राजमार्ग परियोजना आगामी ५ वर्षभित्र सम्पन्न गरिने, पूर्व-पश्चिम रेलमार्ग निर्माणलाई उच्च प्राथमिकता दिइने घोषणापत्रमा उल्लेख छ ।

प्रादेशिक औद्योगिक क्लस्टर विकास, जीवनचक्रमा आधारित सामाजिक सुरक्षा प्रणाली विस्तार, वृद्धभत्ता, अपाङ्गता भत्ता र बाल संरक्षण कार्यक्रम सुदृढ , लैङ्गिक समानता र अपाङ्गतालगायतका सामाजिक समावेशीकरण लागू गरिने घोषणापत्रमा उल्लेख छ ।

लुम्बिनी र जनकपुरधामलाई साँस्कृतिक एवं धार्मिक पर्यटकीय केन्द्रको रूपमा विकसित गरिने, सातवटै प्रदेशहरूमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट तथा फुटबल रंगशाला आगामी पाँच वर्षभित्र निर्माण गरिने, राष्ट्रिय खाद्य भण्डारण प्रणाली व्यवस्थित र सुदृढ गरिने, आपतकालीन खाद्य भण्डार विकास गरिने, मूल्य स्थिरता सुनिश्चित गर्ने संयन्त्र लागू गरिने घोषणापत्रमा उल्लेख छ ।

### यस्तो छ आजपाको घोषणापत्र

आम जनता पार्टी (आजपा)ले चुनावी घोषणापत्र सार्वजनिक गरेको छ ।

शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रमकाबिच आम जनता पार्टी (आजपा)ले मुलुकको वर्तमान व्यवस्था असफल भएको निष्कर्षसहितको चुनावी घोषणापत्र सार्वजनिक गरेको हो ।

आजपाको घोषणा पत्रमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, भ्रष्टाचार नियन्त्रणका लागि छुट्टै संरचना, एक घर एक रोजगारी, निःशुल्क स्वास्थ्य र शिक्षालगायतका विषयलाई समावेश गरिएको छ ।

घोषणापत्र सार्वजनिक गर्दै आम जनता पार्टीका अध्यक्ष प्रभु साहले आफूलाई मधेश र पहाडको भन्दै मत माग्ने र सत्ता आरोहण गरे पनि आफ्नो स्वार्थ पूरा गर्ने प्रवृत्तिलाई अन्त्य गर्नुपर्ने बताए ।

उनले यसअघिको निर्वाचनमा पुरानाले देश बिगार्यो भन्दै मत माग्ने नयाँ भन्नेहरुले पनि पुरानै सरकारमा घुसेर सत्ताको स्वाद लिएको तर्क गरे ।

आफूलाई जनतालाई मूर्ख बनाउनेहरूले आज नयाँ भनेर व्याख्या गरिराख्दा चिन्ता लाग्ने गरेको भन्दै उनले अब आफ्नो पार्टी नयाँ मुद्दाका साथ जनतामा गएको दाबी गरे ।

उनले जनताको जीवनस्तर कागजी किताबमा नभइ वास्तविक रुपमा नै सुधार गर्ने योजना आफूहरूसँग रहेको बताए ।

अध्यक्ष साहले उम्मेदवार पनि ठीक हुने र व्यवस्थाका साथै नीति पनि सहि ढंगले चल्नेगरी देशलाई अघि बढाउन जनताहरुले पनि गम्भीर भएर निर्वाचनमा मत प्रयोग गर्नुपर्नेमा जोड दिए ।

## जेनजीको भावना सम्बोधन गर्न गगन प्रधानमन्त्री : शर्मा



पाल्पा । नेपाली काग्रेसका उप-सभापति विश्वप्रकाश शर्माले जेनजी विद्रोहको भावनालाई सम्बोधन गर्न, पार्टी विधान पद्धतीलाई रुपान्तरण गरेर देश विकासको नेतृत्व लिन पार्टी सभापती गगन थापालाई भावी प्रधानमन्त्री घोषणा गरेर निर्वाचनमा होमिएको बताएका छन् ।

पाल्पामा पार्टी नेता तथा कार्यकर्ताहरुलाई चुनावी अभिमुखीकरण गर्दै पार्टी उप-सभापति शर्माले नेपाली कांग्रेसले अफ्ठेरो परिस्थितिमा देशको नेतृत्व गरेको २००७ सालदेखि २०७२ सालको इतिहासले पुष्टि गरेकोले जेनजीको भावनालाई सम्बोधन गर्न पार्टी सभापति थापालाई देशको नेतृत्व सुम्पिन लागेको दाबी गरे । विशेष महाधिवेशनबाट समानुपातिक पदमा 'एक पटक, अन्तिम पटक' को नीति लागु गरेको बताउँदै एक पटक समानुपातिक संसद बनेको व्यक्ति अर्को पटक बन्न नपाउने नीतिको कार्यान्वयन सुरु भएको बताए ।

पार्टीको अधिकारलाई विकेन्द्रीकरण गर्दै अबका निर्वाचनमा पालिकादेखि प्रदेशको टिकट पाउन काठमाडौं धाउनु पर्ने र नेताहरुको चाकडी गर्नुपर्ने बाध्यता कांग्रेसमा हटेको उप-सभापति शर्माले खुलासा गरे । पालिकामा वडा अध्यक्ष सदस्य पदको उम्मेदवार बन्न, वडा समितिबाटै, पालिकाको प्रमुख उप-प्रमुखको उम्मेदवार बन्न पालिका समितिबाटै र प्रदेशको उम्मेदवार बन्न प्रदेश समितिबाटै, संघीय संसदको उम्मेदवार मात्र जिल्लाको सिफारिसमा केन्द्रले तय गर्ने नीति कांग्रेसमा लागु भएको उप-सभापति शर्माले कार्यकर्तालाई जानकारी गराए ।

» बाँकी ३ पेजमा

## नेकपा माओवादीका उम्मेदवारको प्रतिबद्धता सार्वजनिक



बुटवल । नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा माओवादीले रुपन्देहीका तीन क्षेत्रका उम्मेदवारको चुनावी प्रतिबद्धता सार्वजनिक गरेको छ। ३१औं जनयुद्ध दिवसको अवसर पारेर पार्टीले बुटवलमा पत्रकार सम्मेलन गरी रुपन्देही २, ४ र ५ का उम्मेदवारको प्रतिबद्धता सार्वजनिक गरेको हो । रुपन्देही २ मा पार्टी जिल्ला सेक्रेटरी वीरेन्द्र विक, ४ मा विष्णु तिवारी र ५ मा विष्णुप्रसाद भट्टराई (विश्वास) उम्मेदवार छन् ।

रुपन्देही २ का उम्मेदवार वीरेन्द्र विकले लुम्बिनी प्रादेशिक अस्पताललाई मेडिकल कलेजको रुपमा स्तरोन्नति, तिनाउ दानव कोरिडोर निर्माणको क्रममा विस्थापितलाई क्षतिपूर्तिसहित उचित ठाउँमा जग्गासहित बसोबासको व्यवस्था, मोतीपुर औद्योगिक क्षेत्र निर्माण, आधुनिक फोहोर प्रशोधन केन्द्र निर्माण र फोहोर सरसफाइ व्यवस्थापन निःशुल्क गर्ने आफ्नो प्रतिबद्धता रहेको बताए । यस्तै बुटवलमा १७ हजार बढी संख्यामा रहेका भूमिहिन, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाण वितरण, सामुदायिक विद्यालयमा विभिन्न शीर्षकमा अभिभावकबाट शुल्क लिने गरिएकाले पूर्णतः निःशुल्क गर्ने जितगढी किल्ला र पुरानो बुटवललाई जोडेर ऐतिहासिक, पुरातात्विक एवं साँस्कृतिक नगरको रुपमा विकास गर्ने र अमरपथ तथा कालिकापथ बजार रात्रिकालिन बजार सञ्चालन गर्ने विकका प्रतिबद्धता छन् । बन्द रहेको बुटवल धागो कारखानालाई पुनः सञ्चालन, झुम्सा खानेपानी आयोजना सम्पन्न गर्ने उनको प्रतिबद्धता छ । गोलपार्क लक्ष्मी नगर पहिरो नियन्त्रण, तिनाउ दानव र सुखौराको जोखिमपूर्ण बस्तीहरुलाई जोगाउन तटबन्धन, मिटर ब्याजीले कब्जा गरेका सम्पत्ति र सहकारी पीडितहरुको बचत फिर्ता आफ्नो प्राथमिकतामा रहने विकले बताए ।

राष्ट्रिय गौरवको योजना बुटवल गोरुसिङ्गे र गोलपार्क चौराहा, बेथरी बेलवासलगायतका सबै सडक निर्माण कार्य समयमै निर्माण गर्न पहल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण सञ्चालनको लागि सबै प्रकारका पहल गरिने विकले बताए । क्षेत्र नं. ४ र ५ का उम्मेदवारहरु विष्णु तिवारी र ५ मा विष्णुप्रसाद भट्टराई (विश्वास)ले दुबै क्षेत्र किसान बाहुल्य क्षेत्र भएकाले किसानलाई समयमै मल, बिउ, सिँचाइ र कृषिजन्य सामग्री निःशुल्क वितरण, परम्परागत कृषिलाई आधुनीकीकरण र व्यवसायीकरण, किसानको उत्पादनलाई सिधैं बजारमा पुराउने व्यवस्था गरी बिचौलियाको अन्त्य गरिने प्रतिबद्धता रहेको बताए ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनीको साप्ताहिक कोसेली

# पाहुर



२०८२ फागुन ०२ गते, शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

"जबसम्म ऊ भुइँमा थियो
कुर्सी नराम्रो थियो
कुर्सी पाउने बित्तिकै उसलाई
भुइँ नराम्रो लाग्न थाल्यो।"

– भारतीय कवि
गोरख पाण्डे

विगत

# माओवादी सशस्त्रको पूर्वाधमा देखिएको टक्करहरू

**कियोको ओगुरा**

*(माओवादी सशस्त्र संघर्ष थालनी भएको यो वर्ष तीन दशक पुग्छ । एक दशक लामो सशस्त्र संघर्षका कथा, व्यथा, परिणाम र विचलन समाजमा विद्यमान छन् । माओवादी सशस्त्र संघर्षको उठान, विकास र बैठानलाई अनेक आयामबाट अध्ययन गरिने क्रमहरु अझै पनि सुचारु नै छन् । २०५२ फागुन १ (१३ फ्रेबुअरी १९९६ )गते रोल्पाको होलेरी र रूकुमको रादिजुला प्रहरी चौकीमाथि आक्रमण गरी माओवादी आन्दोलनको सुरुवात हुनुभन्दा पहिले रोल्पा र रुकुम शान्त थिएनन् । कसरी यी क्षेत्रहरुमा माओवादी सशस्त्र संघर्षको सम्भावनाहरु सुरु हुँदै थिए भन्ने कियाको ओगुराको यो लेखनबाट अनुमान गर्न सकिन्छ । 'रूपान्तरणः समाज अध्ययन' जर्नल, अंक पूर्णाङ्क २, कात्तिक २०६२ मा प्रकाशित ओगुराको लेख 'रोल्पा र रूकुमबाट देखिएका माओवादी, जनता र राज्य'को एक अंश सामान्य सम्पादनसहित यहाँ प्रकाशित गरिएको छ ।)*

जुन २००२ मा रोल्पा जिल्लाको सदरमुकाम लिबाङ जाँदा मैले संयुक्त जनमोर्चाका सदस्यहरूबाट गरिएका हैरानीका विस्तृत नालीबेली सुनें । त्यो हैरानी १९९० मा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना भएको लगत्तै सुरु भएको थियो । नेकपा (एमाले) को रोल्पा जिल्ला कमिटीका एकजना सदस्यले भने-"पञ्चायती राजमा पार्टीका क्रियाकलापमाथि प्रतिबन्ध लगाइएको हुँदा साम्यवाद भनेको के हो हामीलाई थाहा थिएन, तर १९९० पछि केही गाउँलेहरू नेपाली काँग्रेस (नेका), नेकपा (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र संयुक्त जनमोर्चा (संजमो) जस्ता पार्टीहरूमा सामेल भए । वास्तवमा सुरुमा मेरो गाउँमा निकै मानिस राप्रपामा सामेल भए । तर जनमोर्चाका सदस्यहरू ज्यादै आक्रामक हुनाले र तिनले पूर्वपञ्चहरूलाई पिटेर वा जुत्ताको माला लगाएर सजाय गरेका हुनाले धेरै मानिस त्यो पार्टी छाड्न बाध्य भए । नतिजास्वरूप, जनमोर्चाका समर्थकहरू गाउँमा झनै सक्रिय भए । उनीहरू हामीलाई आफ्नो पार्टीका भेलाहरूमा उपस्थित हुन बाध्य गराउन थाले ।"

रोल्पा जिल्ला विकास समितिका एकजना भूतपूर्व सदस्यले सुरक्षाका लागि आफूसँग नेपाली काँग्रेसमा सामेल हुनुबाहेक अर्को विकल्प नभएको बताए किनभने जनमोर्चाका समर्थकहरू आफ्नो पार्टीमा सामेल हुन इन्कार गर्ने जोसुकैलाई पनि हैरान पार्थे । १९९१ को आम निर्वाचनमा नेपाली काँग्रेसलाई मतदान गरेको कारण कोर्चावाङबासी नेपाल शिक्षक संघका एकजना सदस्यलाई जुत्ताको माला लगाइयो । कहिलेकाहीँ त यस प्रकारको हैरानीले हत्याकै रूप पनि लियो । लिबाङमा कृष्णबहादुर घर्तीमगरले सङ्कलन गरेको तथ्याङ्कअनुसार अक्टोबर १९९१ र फेब्रुअरी १९९६ मा जनयुद्ध सुरु हुने समयको बीचमा संयुक्त जनमोर्चाका समर्थकहरूले रोल्पा जिल्लामा नौजना मानिसको हत्या गरेका थिए ।

सेप्टेम्बर १९९४ मा रोल्पाको उत्तर-पूर्वमा अवस्थित गाम गाविसमा एउटा स्थानीय जात्रामा संयुक्त जनमोर्चा र नेपाली काँग्रेस तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका समर्थकहरूबिच एउटा ठूलो टक्कर पर्‍यो । त्यो धार्मिक जात्राको दिन नेपाली काँग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीका समर्थकहरूले गाविस प्रतिनिधिलगायत जनमोर्चाका समर्थकहरूलाई पिटे । त्यसको ठीक एक वर्षपछि १९९५ मा उही चाडको दिन जनमोर्चाका सयौं समर्थकहरूले गाम गाविसमा जुटेर नेपाली काँग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीका समर्थकहरूमाथि हमला गरे । त्यो घटनाको लगत्तै नोभेम्बर १९९५ मा सरकारले रोल्पामा जनमोर्चाका क्रियाकलापहरूलाई नियन्त्रण गर्नका लागि 'अपरेशन रोमियो' सुरु गरी दुई महिनाको अपरेशन अवधिमा थुप्रै मानिसलाई पक्राउ गर्‍यो । मैले लिबाङमा भेटेका गाउँलेहरूको भनाइअनुसार त्यो अपरेशनको मुख्य निशाना रोल्पाका उत्तरी र पूर्वी भेग थिए, जहाँका धेरैजसो बासिन्दा खाम भाषा बोल्ने मगर छन् ।

निर्वाचन कालमा द्वन्द्व निकै चर्किएको पाइन्छ । १९९२ मा बहुदलीय व्यवस्थाअन्तर्गत भएको पहिलो स्थानीय निर्वाचनमा इरिबाङ गाविसमा एउटा उदाहरणीय घटना भयो । उम्मेदवारले आफ्नो नाम दर्ता गर्ने दिन जनमोर्चाका समर्थकहरूले दर्ता गरिने थलोमा हातहतियारसहित भेला भएर अन्य पार्टीका उम्मेदवारहरूलाई नाम दर्ता गर्न दिएनन् । नतिजास्वरूप, जनमोर्चाले अध्यक्ष, उपाध्यक्ष र नौजना वडा प्रतिनिधिहरू समेत गरी गाविसका ११ ओटै सिट निर्विरोध जित्यो । जनमोर्चाले गजुल, मिरुल, जेलबाङ र फागामजस्ता गाविसहरूमा पनि सबै सिट कुम्ल्यायो । १९९१ मा गरिएको आम निर्वाचनमा जनमोर्चाले रोल्पाका दुवै निर्वाचन क्षेत्रमा विजय प्राप्त गयो । थबाङ्गी बर्मन बूढामगरले निर्वाचन क्षेत्र नम्बर १ मा विजय प्राप्त गरे भने लिबाङवासी कृष्णबहादुर महराले निर्वाचन क्षेत्र नम्बर २ मा जिते । त्यो निर्वाचनमा नेकपा (एमाले) ले रोल्पा र रुकुमबाट आफ्ना उम्मेदवारहरू फिर्ता गराई जनमोर्चालाई सहयोग गर्‍यो । जनमोर्चाले १९९२ मा भएको स्थानीय निर्वाचनमा जिल्ला विकास समितिका सभापति र उप-सभापति समेत गरी धेरैजसो सिट आफ्ना पोल्टामा पार्‍यो । यी सभापति र उप-सभापति दुवैजना नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका सदस्य थिए । गजुल गाविसवासी भूतपूर्व शिक्षक र हाल नेकपा (माओवादी) का केन्द्रीय सदस्य झक्कुप्रसाद सुवेदी प्रथम जिल्ला विकास समितिका सभापति बने । लिबाङ निबासी नेपाली काँग्रेसका सदस्य कृष्णबहादुर घर्तीमगर भन्छन्- "संयुक्त जनमोर्चाले १९९१ को आम निर्वाचन र १९९२ को स्थानीय निर्वाचनका माध्यमबाट रोल्पालाई साँच्ची नै कब्जा गर्‍यो । मलाई के लाग्छ भने रोल्पामा सिर्जना भएको आत्मविश्वासले माओवादी नेतृत्वमाथि प्रभाव पार्‍यो र उनीहरूलाई राष्ट्रियस्तरमा जनयुद्ध सुरु गर्न सकिने निर्णय गर्न प्रेरित गर्‍यो ।"

नेपाली काँग्रेसका समर्थकहरूले जनमोर्चाका समर्थकहरूमाथि वास्तविक र नक्कली दुवै प्रकारका आरोपहरू लगाएर हैरानीको प्रतिकार गरे । यसबाट यी समूहबिचको टक्कर झनै चर्केर गयो अनि कतिपय मानिसहरूले काँग्रेस र उसका समर्थकमाथि राज्यको अख्तियार दुरुपयोग गरेको आरोप लगाए । राष्ट्रिय पञ्चायतका भूतपूर्व सदस्य बमकुमारी बूढामगरले भनिन्- "रोल्पाका नेपाली काँग्रेस समर्थकहरू ठ्याक्कै पञ्चहरूका कार्बनकपीजस्ता थिए । उनीहरूले सत्तामा रहेका मानिसहरूसँगका सम्बन्धलाई उपयोग गरी निजी फाइदाहरू लिए । पञ्चायती राजमा पञ्चायतका समर्थकहरू ठीक यसै गर्थे ।"

जनमोर्चाले १९९१ को आम निर्वाचनमा रुकुमको निर्वाचन क्षेत्र नम्बर २ मा विजय प्राप्त गर्‍यो । त्यहाँ उनीहरूले रोल्पामा झैं नेकपा (एमाले) को सहयोग प्राप्त गरेका थिए । अर्को सिट पञ्चायती राजको पालाका रुकुमका सबैभन्दा कान्छा शाह राजनीतिज्ञ गोपालजी जङ्ग शाहले जिते । उनी नेपाली काँग्रेसका उम्मेदवार थिए । १९९१ को निर्वाचन अभियानमा उनलाई जनमोर्चाका समर्थकहरूले पञ्चायती राजदेखि नै कम्युनिस्ट गढ भइआएको रुघा गाविसमा जुत्ताको माला लगाई मुखमा मोसो दलेर हैरान पारेका थिए । ५५ वर्षका गोपालजी जङ्ग शाह भन्छन्- "वास्तवमा संयुक्त जनमोर्चाका समर्थकहरूले यस क्षेत्रमा १९९१ मा नै अघोषित रूपले आफ्नो जनयुद्ध सुरु गरिसकेका थिए । १९९४ को आम निर्वाचन बहिष्कार गरेपछि त उनीहरूले खुला रूपबाट विद्रोह सुरु गरिहाले ।"

खोलागाउँका मानिसहरूको दाबीअनुसार १९९४ मा जनमोर्चाका समर्थकहरूबाट मारिएका गणेश शाह गोपालजी जङ्ग शाहका नजिकका सहयोगी थिए । त्यसैले १९९० पछि उनी नेपाली काँग्रेसमा सामेल हुनपुगे । गोपालजी जङ्गले भनेअनुसार रुकुमका अरू दुईजना नेपाली काँग्रेस समर्थक लालबहादुर केसी र गरवीर बाठा विद्रोह सुरु हुनुभन्दा पहिले नै जनमोर्चाबाट मारिएका थिए । तर ताराप्रसाद घर्तीमगरको दाबीअनुसार भने यी दुईजना राजनीतिक कारणबाट नभई व्यक्तिगत कारणबाट मारिएका थिए ।

उनले भने- "वास्तवमा नेपाली काँग्रेस र जनमोर्चाबिचका धेरैजसो झडपहरू व्यक्तिगत कारणले भएका हुन् । तर काँग्रेस पक्षले भने राज्यसत्ताबाट सहयोग प्राप्त गर्ने मनसायले उनीहरू संयुक्त जनमोर्चाको सिकार भएको दाबी गर्‍यो ।" ताराप्रसादको भनाइअनुसार १९९० पछि प्रशासनले सार्वजनिक अपराध ऐनअन्तर्गत रुकुमका १३०० भन्दा धेरै मानिसहरूविरुद्ध अनेकौँ मुद्दाहरू लगायो । तीमध्ये अधिकांश मानिसहरू संयुक्त जनमोर्चा समर्थक थिए । उनले भने-"आरोप लगाइएका धेरैजसो मानिसहरू मगर र दलित थिए । उनीहरूमध्ये धेरैजना जेलनेलबाट जोगिनका लागि माओवादीमा सामेल भए ।"

**माओवादी योद्धाको डायरीबाट**

# तिमीले पाउन नसकेको पत्र

(यो पत्र एक माओवादी योद्धाको डायरीबाट लिइएको हो । उक्त डायरीमा धेरै जनाको हस्ताक्षर देखिन्छ । डायरीमा बैठकका माइन्युट, प्रशिक्षण सामग्री, लडाइको योजना आदि छन् । डायरीको अन्तिमतिर यो पत्र छ । युद्धकालको डायरी भएको हुनाले त्यसमा उपनामहरू मात्र छन् । त्यसैले डायरी खासमा कसको हो भन्ने प्रष्ट हुन सकेन । त्यस्तै यो पत्र पनि खासमा कसले लेखेको भन्ने पनि प्रष्ट छैन । डायरीमा अन्य ठाउँमा लेखिएको अक्षरहरूसँग तुलना गर्दा यो क.विराटले लेखेको देखिन्छ । पत्रमा सम्बोधन क. विजयलाई गरिएको छ । क. विजयको शहादत भइसकेको परिस्थितिमा लेखिएको भएकाले यो पत्रले केवल औपचारिक पत्र मात्र नभएर पत्र साहित्यको स्थान ओगट्छ ।

माओवादी आन्दोलनलाई अनेक कोणहरूबाट केलाइएको छ र भविष्यसम्म यसबारे अनेकौ कोणहरूबाट विश्लेषण हुँदै जानेछ । आन्दोलनलाई गहिराइबाट महसुस गर्न र विश्लेषण गर्नको लागि आन्दोलनमा प्रत्यक्ष सहभागी लडाकुहरूको यस्ता डायरी र स्मृतिहरूको अध्ययन आवश्यक हुन्छ । त्यसैले अभिलेखीकरणको लागि पनि यो डायरी यहाँ प्रकाशित गरिएको छ ।–सं.)

दमाचौरमा नराम्रो मार खाएपछि दुश्मनले फेरि अर्कोपल्ट हाम्रो आधारक्षेत्र पस्ने दुस्साहस गर्‍यो । हामीलाई एक्कासी आफ्नो ट्रेनिङ्ग छोडेर बोलाइयो र हाम्रो बटालियन अहिले दुश्मन आउने बाटोमा नाका कुरेर बसेको छ । हिजो अस्तिसम्म थवाङमा गोली चल्दै थियो । दुश्मन फेरि सदरमुकाम तिर फिर्ता भएको छ । आजभोली गाउँमा फेरि शान्ति छाएको छ, गाउँलेहरू वनबाट एक दुई गर्दै घर फर्कदै छन् । हिजो अस्ति झै रातभर पानीमा रुझ्दै, जुकाको टोकाई सहदै महत र गुनामका लेकहरूमा एम्बुस गर्नुपरेको छैन । यो फुर्सदको बेलामा साथीहरू कोही बैठक चलाउँदैछन्, कोही गाउँलेहरूलाई दाउरा चिर्न सहयोग गर्दैछन् । र, म तिमीलाई यो पत्र लेख्ने प्रयास गर्दैछु ।

प्रिय साथी विजय,

तिमीलाई एउटा पत्र लेख्ने लामो समयदेखिको चाहना थियो । तिमीलाई आफ्ना अनुभवहरू सुनाउने रहर थियो । आ-आफ्नो जिम्मेवारीले दोहोर्‍याउँदै ल्याउँदा ठिक एकवर्षदेखि हाम्रो भेट भएको छैन । पोहोर यतिबेला तिमीलगायत त्यहाँका साथीहरू र गाउँलेहरू हामीलाई नयाँ जिम्मेवारीको लागि बिदाई गर्दै थियौ । आजको यो अवस्थासम्म समयले ठूलो फड्को मारिसकेको छ । र, मैले आजसम्म थुप्रै कथाहरू साँचेको छु, तिम्रो लागि । मलाई पक्का विश्वास छ, तिमीलाई मंगलसेनको कथा मन पर्नेछ, डोटी र कैलालीको खबर अनि लिस्ने गामको लडाइहरूबारे चाख दिएर सुन्ने छौं । तिमीलाई थाहा छ, हामीले जाजरकोटमा एक हप्तासम्म हिउँमा बिताउँदा कति रमाइलो भएको थियो !

लौ त, तिमीलाई मेरा एक दुई अनुभूति लेखुँ है त–

ऐतिहासिक घोराही आक्रमणपछि लगत्तै हाम्रो प्लाटुन सेती महाकालीको लागि पश्चिमतर्फ लागेको थियो । हामीबिच बाटोमा अछामको आक्रमणको लागि रोकियौं । अनेको बस्तीहरूलाई छिचोल्दै कहिले सुर्खेतका फाँटहरू, कहिले कालिकोटका भयंकर उकालाहरू चढ्दै हामीले आफ्ना यात्रालाई अगाडि बढाइरह्यौ । घोराहीमा लज्जास्पद ढंगले हारेपछि दुश्मनले पश्चिमका अनेकन बस्तीहरूमा आफ्नो गतिविधि बढायो । झन् रातामारे र कपुरकोटको भिडन्तपछि त शाही सेनाले उधुम मच्चाउन थाल्यो । हाम्रो ४५ जनाको सानो टुकुडी चनाखो ढंगले जाजरकोटसम्म पुग्यो । हाम्रो कार्यक्षेत्रबाट दुईवटा प्लाटुन जाजरकोट आएपछि हाम्रो कम्पनीले अरु कम्पनीहरूसँग सहकार्य गर्दै मंगलसेनमाथि धावा बोल्यो ।

मंगलसेनको लडाइपछि हामी अझै पश्चिमतर्फ आफ्नो यात्रालाई अगाडि बढायौं । दुश्मनले कैयौं स्थानमा हाम्रो बाटो छेक्ने प्रयास गर्‍यो । उसले हाम्रो पिछा गर्दैरह्यो । हाम्रो कम्पनीका प्लाटुनहरू फरक-फरक बाटो हुँदै, कुशलतापूर्वक दुश्मनको ताकाहरूलाई छिचोल्दै फाल्गुण महिनामा डोटी पुगेर केन्द्रित भए । साथी विजय, मलाई ती दिनहरूको झलझल्ती याद आइरहन्छ, जब हामीले मंगलसेनमाथि विजय हासिल गरिसेका थियौ । जब हामी त्यो भिषण लडाइको तयारीमा टिकाचौरमा सयौं ग्रिनेड र माइनहरू निर्माण गर्दै थियौं, हाम्रो मन त्यो भयंकर लडाइ लड्न कति उत्सुक र आतुर थियो भनेर साध्य छैन । रातामारे र कपुरकोटको पीडा, त्यो आफ्नो स्थानमा छँदै थियो ।

जतिजति हाम्रो फर्मेशनहरू मंगलसेनको नजिक पुग्दैथिए, उति उति हाम्रो मनमा रातामारे र कपुरकोटका कथाहरूले दोहोरी खेल्न थाले । अल्लेडीको लेकमा हाम्रो लश्कर बाक्लो हिउँले ढाकेको गोरेटोमा रातभर चिप्लदै अगाडि बढ्यो, तर पनि हामीलाई जाडोको कुनै वास्ता भएन । हाम्रो मन त मंगलसेन पुगेको थियो जहाँ हामीले हाम्रो आक्रोश खन्याउनु थियो । दुश्मनलाई एउटा नयाँ र नबिर्सदो पाठ सिकाउनु थियो । यसरी हिउँले सेताम्यै ढाकेको लेकहरू पार गर्दै, रात दिन नभनेर मार्च गर्दै हामीले मंगलसेन पुग्यौं । त्यो रातभर अछामको सदरमुकाम मंगलसेनमा आकाशै ढाक्ने गरी गोलीको वर्षा भयो । असिना वर्षे सरी ग्रिनेड र बमहरू विष्फोट भइरहे । वरिपरिका गाउँहरू रामारोशन, जुपु, बान्नाटाही, बलिगाउँ, धुनही मंगलसेन र साँफेबगरमा पड्किएका बमको आवाजले भूकम्प आएसरी भयो । निशस्त्र कार्यकर्ता र निर्दोष जनतासँग आफ्नो बहादुरी देखाउन लत परिसकेका शाही सेना व्यारेकले सुरुमा त हामीलाई पत्याएन, डेढ घण्टाभित्रै ब्यारेक मसमानघाटमा परिणत हुँदैछ भन्ने अन्दाज तिनीहरूले शायदै गरे होलान । पछिल्लो दिन ५ गते दिउँसोसम्म गोली चल्दै थियो । माथि आकाशमा एउटा कालो हेलिकप्टर असहाय तरिकाले निरर्थक फन्को मार्दै थियो । विस्तारै हामीले मंगलसेन छाड्दै गर्‍यौं । हामी त्यो लडाइलाई विजयमा पुर्‍याउनको लागि आफ्नो कम्पनीको तर्फबाट क.निरन्जन र क.पृथ्वीको हँसिलो मुहारलाई सदाको लागि गुमायौं, प्लाटुन सहायक कमाण्डर कमरेड तुफानलगायत कमरेड विकल्प, क.अविरल र क. दीपेन्द्र गरी ६ जना साथीहरूलाई गुमायौं । यसैगरी ...जना वीरहरूले जनमुक्ति सेनाको सौर्यलाई कायमै राख्दै मंगलसेनमा ढल्न पुग्छन् । यसरी आफ्नो सहयोद्धाहरूलाई गुमाएको पीडा, त्यो ऐतिहासिक विजयपछिको अभूतपूर्व खुशी र उत्साह, यस्तै यस्तै भाव बोकेर हामी आफ्नो कार्यक्षेत्र पुग्यौं । गौरवशाली पार्टीले दुश्मनमाथिको आक्रमणलाई निरन्तरता दिने निर्णय गरिसकेको थियो । डोटीमा हामीले केही समय आराम गर्‍यौं । र फेरि हामीले चैत्र ६ गते तत्कालै कैलालीको लम्कि इप्रकामाथि आक्रमण गर्‍यौं । यो स्थितिसम्म आईपुग्दा देशैभरि जनमुक्ति सेनाको फर्मेशनमा ठूलो विस्तार भईसकेको थियो । हाम्रो कार्यक्षेत्रमा मात्र फेरि अर्को कम्पनी निर्माण हुने भयो । सयौं युवायुवतीहरू एउटा नयाँ जोश र उत्साह बोकेर हाम्रो सम्पर्कमा आउँदै थिए । कैलाली, कञ्चनपुरदेखि बर्दिया अनि माथि दार्चुलादेखि बझाङ, बाजुरा, बैतडी, डडेल्धुरा, डोटी, अछाम र कालीकोट आदि जिल्लाहरूबाट जनसेनामा भर्ना हुन चाहनेहरूको लश्कर डोटीमा ओइरिन थाल्यो । ठिक यसैबेला हाम्रो दुइवटा कम्पनीलाई पूर्वतर्फ फर्कने जानकारी आयो ।

चैत्रको अन्तिम सातातिर हाम्रो कम्पनीहरूले सेती नदी तरेर वल्लोपट्टि आए । सालका घना जंगल छिचोल्दै हामी उकालो लाग्यौं । दुईवटा कम्पनीले अलगअलग बाटो समाते । फेरि हाम्रो यात्रा दिनरात चल्न थाल्यो । कहिले गुराँस फुलेको राताम्य वनको बाटो, कहिले हपहपी गर्मीले पोल्ने सालघारीको तेस्रो बाटोहरूमा हामीले पूर्वतर्फ सोझै अगाडि बढिरह्यौं । ठाउँठाउँमा हामीले कैयौं बस्तीहरू पार गर्‍यौं, हातमा अविरको पोको बोकेर गाउँलेहरू हामीलाई स्वागत र बिदाई गर्दै रहे । यसरी केही दिनको हिडाई पछि हामी कर्णालीको तिरैतिर मुलबाटोमा 'इण्टरनेशनल' घन्काउँदै मार्चपास गर्दै थियौं । एक दुई स्थानमा हामीले दुश्मनको बलियो नाकाहरूलाई चनाखो तरिकाले छक्यायौ । हामीलाई धेरै दिनसम्म यात्रा गर्नुपर्दा पनि थकानको खासै महसुस भएन, किनकि हामीलाई चाडै आधार इलाकामा पुग्ने प्रबल चाहना थियो । सिस्ने र जलजलाका फेदीमा रमाउने हाम्रो ठूलो आतुरी थियो । हामीलाई पक्का विश्वास थियो आधार इलाकामा हामी नयाँ लडाइँ लड्न जाँदैछौ । त्यहाँ हामीले एउटा नयाँ इतिहास लेख्न जाँदैछौं । जति जति हामी पूर्वतर्फ लम्क्यौं, त्यति त्यति हाम्रो पाइलाहरू गतिवान हुँदै जान थाले । हाम्रो मनमा अनेकन उथलपुथल भइरह्यो । पश्चिमका साथीहरू सिस्ने र जलजलाको बस्तीहरूमा पुग्न अति आतुर देखिन्थे । नयाँ होस् र जोशमा थिए । खुशीले यात्राका रमाइला दृश्यहरूमा मृगका बच्चाहरू झै नाच गरेथे । साँच्चै पश्चिमका साथीमात्रै किन हामी स्वंय आफ्नो गृहक्षेत्र पुग्न आतुर थियौं । रोल्पा, रुकुम त्यत्तिकै लालबस्ती भनेर चिनिएको होइन । यहाँको जनताको बलिदानी भावना, त्यो जुझारु स्वभाव जान्न, यहाँका गाउँलेहरूसँग एकाकार हुन हाम्रो साथीहरू निकै उत्सुक थिए । हाम्रो साथीहरूले सुनेका थिए– यहाँका प्रत्येक बस्ती शहिद गाउँ हुन् । यहाँ पाइलै पिच्छे अनिता बुढा, सल बहादुर...हरूको रगत पोखिएको छ । र त्यो रगत त्यत्तिकै खेर गएको छैन । जहाँ जहाँ पोखिए ती रगत, त्यहाँ आज हजारौं रक्तबिज पैदा भएका छन् । यहाँ प्रत्येक पहरा र बनपाखाहरूमा कुमारी बुढाहरूको चित्कार गुञ्जिरहेछ । यहाँको एकएक बस्तीमा कुनै न कुनै दिन बन्दुक पड्केकै छ, चाहे त्यो दमनकारीहरूले खासेको बन्दुक होस् वा प्रतिरोधको बारुद खाँदिएको बन्दुक होस् । आज 'कोङ होआ' जस्तो अजम्बरी गाऊँ खोज्न भियतनामी उपन्यास पल्टाउन पर्दैन थवाङ, खारा, तेवाङ अनगिन्ती बस्ती हुन् जो कोङ होआको व्यथाहरूलाई बिसाईदिन्छन् । विगत सात आठ वर्ष यता मादी र भेरीको प्रवाहमा निरन्तर रातो रगत मिसिएर बगेको बग्यै छ । बाङ्मा वा सुकिदह बनेर प्रतिरोध गर्लान् तर दमनको सामु घुँडा टेक्न जानेका छैनन् यहाँका बस्तीहरू । घुम्लिवाङ-निम्र-सुलिचौर शहीदको ती संघर्षहरू दोहोरिरहलान् तर दुश्मनको चकचकीलाई कदापी सहन सक्दैनन् कान्ती बुढाका सन्ततीहरू ।

यसरी दन्त्यकथा झैं लाग्ने दमनको बर्बरतापूर्ण आक्रमण र प्रत्याक्रमणको कथाहरू दोहोरिरहने बस्तीहरूमा आइपुग्न लाग्दा पश्चिम सेती महाकालीका साथीहरूमा मैले धेरै ठूलो उत्साह देखेको थिए । यसरी निरन्तर आधा महिनासम्म भोक तिर्खा र थकानलाई लत्याएर हिंडे पछि हामीले वैशाख महिनामा भेरी नदी पनि पार गर्‍यौं । हाम्रो दुईवटा कम्पनी फेरी केन्द्रित भयो र कुमाखको फेदीमा हाम्रो शिविर खडा गर्‍यौं ।

साथी विजय, आज हामी त्यहीं बस्तीमा छौं जहाँ आइपुग्नको लागि हामी ठूलो उत्साहका साथ सेती नदी तरेका थियौं । हामी तिनै गाउँलेहरूसँग सहकार्य गर्दैछौं जसलाई भेट्न हामी कर्णाली र भेरीको बगरहरूमा बेलगाम दौडिएका थियौं । यस यात्राको अविधमा हामीले कैयौ भिषण लडाइ लडेका छौं । अब हाम्रा कैयौं सहयोद्धाहरू फेरि कर्णालीको छालहरूसँग दौडिने छैनन्, हामी ती साथीहरूसँग झ्यामको सानो चऊरमा सँगसँगै अर्को परेड खेल्न पाउने छैनौं किनकि ती साथीहरू आज हाम्रो सामुछैनन् । कम्पनी कमाण्डर रोशन, जसलाई हामीले गाममा गुमायौं । उहाँको हँसिलो स्वभाव आज हाम्रो सम्झनामा मात्र सीमित छ । तिमीले चिनेको कमरेड सञ्जय, साहसी येनान, ईलाका, दिनेशहरू अब गाउँघरमा भेटघाट गर्न आउने छैनन् ।

गामको त्यो पाखोमा वैशाख २० गते राती लडिएको भयंकर लडाई हाम्रो मानसपटलमा ताजै छ । हामी लिस्नेबाट आँधिको गतिमा गाम पुगेको थियौं । पच्चिस छब्बिस घण्टासम्म लगातार मार्च गरेर हामी कहीँ नबिसाईकन गाममा खनिन पुगेको थियौं । लिस्नेको घटना पछि सजग भइसकेको दुश्मनले हाम्रो गतिविधी बुझ्न नपाओस् भनेर हामीले द्रुत गतिमा गामतर्फ हान्निएका थियौं । अमेरिकी सैन्य इञ्जिनियरहरूले खनेको त्यो नयाँ ढाँचाको 'टनेल' र आधुनिक फोर्टिफिकेसनबाट शाही सेनाले जनमुक्ति सेनाको विरुद्ध जिपीएमसी र एलएमजीको मोहोरी खोल्यो । लामो मार्च गरेर, भोक तिर्खा र थकाईलाई बिर्सदै हामीले पार्टीको योजनालाई सफल पार्न जेहाद छाड्यौं । त्यो भिषण भिडन्तमा ती अनगिन्ती बंकरहरू कब्जा गर्ने प्रयासमा एक पछि अर्को साथीहरू ढल्न थाले र पनि हामीले हाम्रो लक्ष्यलाई केन्द्र बिन्दुमा राखेर आफ्नो जिम्मेवारीलाई पूरा गर्न कटिबद्ध रह्यौं ।

यसरी प्रिय साथी, आधार ईलाकामा प्रवेश गरेपछिका दिनहरूमा हामीले एक पछि अर्को भिषण लडाई लड्यौं । जेठ १३ गते राती खाराको सऱ्योलिया गाउँमा भयंकर लडाई भयो । विजय, भन्छन् अनेकन पराजयहरू पनि एउटा जीत अवश्य आएको हुन्छ । युद्धमा हार र जित स्वाभाविक पाटा हुन्, फेरि पनि योद्धाहरूले आफ्नो पराजयलाई अर्को विजयको पाठ बनाउँछन् । खाराको त्यो रात मेरो मानसपटलमा अझै ताजै छ । दुश्मनको त्यो ठूलो किल्लाबन्दी कब्जा गर्न हाम्रो साथीहरूले अनेकन प्रयास गरे । कैयौं साथीहरूले त्यो रातलाई आफ्नो बनाउन जीवनको आहुती दिए, फेरि पनि हामी खाराको त्यो ब्यारेक कब्जा गर्न असफल नै रह्यौं । आफ्नो लक्ष्य हासिल गर्नमा हामी असफल रहे पनि त्यो बलिदानी भाव, त्यो अथक लगनशिलता र इमान्दारिता, बहादुरीपन र साहसको एक एक कृतिमानहरू खडा भए । कतिपय अवस्थामा लडाईको मूल्यांकन केवल परिणामसँल लिएर मात्र हुँदैन रहेछ, वास्तवमा त्यो रात हामी खाराबाट फर्कनुपरेता पनि हाम्रो बहादुरी र शौर्यको छाप दुश्मनमा परेको छ । हामी पराजयको पीडा बोकेर फर्कियौ, दुश्मन आफूमाथी परेको बसन्ती चट्यांगको डरले काँपीरहेयो, खुम्चिरह्यो । वास्तवमा, उसलाई आफ्नो विजयको असली महसुस हुन सकेको छैन ।

साथी, यसरी मसँग थुप्रै अनुभवका कोशेली छन् तिम्रा निम्ति । कतिपय कथाहरू जो मैले बिर्सिसके, केही कथाहरू जो साँचेको छु तिम्रो लागि । कैलालीको समतल फाँटहरूमा मैले सिस्ने ठडिएको महसुस गरेको छु, डोटीको भिरालो घुम्तिहरूमा मैले अर्को जलजला पाएको छु । त्यो सुदुरपश्चिमका बस्तीहरूमा पनि अनगिन्ती लिस्ने रहेछन् कुमाख र बाँकी रहेछन्, यहाँ जस्तै त्यहाँ पनि शारदा र भेरी सुस्याइरहेछन् । मैले ठानेको थिए, विजय घले र सन्तबहादुरहरू अब हाम्रो सामु आउने छैनन्, तर तिनीहरू त सेती पारीका गाउँमा पो मार्च गरिरहेछन् । उनीहरू त कहिल्यै ननिभ्ने मशाल बनेर सारा बस्तीभरी जाज्वल्यमान् पो भईरहेछन् ।

साथी विजय यतिखेर मसँग हाँसो र रोदनका थुप्रै अनुभुती छन्, विजय र पराजयका कैयौं संस्मरणहरू छन् । ती सब कथाव्यथालाई समेट्ने कला नहुन सक्छ मभित्र, ती सबै चित्रहरूलाई सम्झने फुर्सद समेत नहुन सक्छ मसित । त्यसैले अब, मलाई लाग्छ, यसपल्ट मैले तिमीलाई यो भन्दा धेरै लेख्न सक्दिन । विडम्बनाको कुरा छ, हामी भित्र अनुभूतिका ठूला ठूला भण्डार छन् र पनि ती अनुभूतीहरूलाई हामीले शब्दमा व्यक्त गर्न असमर्थ छौं । गाममा कम्पनी कमाण्डर कमरेड रोशनसहित ३२ जना सहयोद्धाहरूलाई गुमाउनुपर्दाको पीडा होस् या आजसम्मको अनेकन विजयहरूको खुशी होस्, हजारौं जनतासँग साटासट गरिएको त्यो न्यानो माया होस् कुनै पनि घटनालाई कलात्मक ढंगमा पोख्ने शैली छैन मभित्र । खुशीको क्षणमा ओठमा हाँसो, विजयको घडीमा गर्व र पीडाले पराकाष्ठा नाघेपछि आँखामा आँशु मेरो अभिव्यक्तिका शैली यत्ति नै हुन् ।

र अन्तमा, मलाई यतिखेर कुँवापातालको त्यो लेकको जंगल याद आइरहेछ । जहाँ तिमी हामी सँगसँगै शिकार खेलेर डुलेथ्यौ । कुँवापातालको शिरानमा रहेको तिम्रो एक्लो घरमा बिताएको दिनहरू सम्झदैछु । तिम्रा वृद्ध बा आमा जो आफ्नो एक्लो छोरो सम्झेर गर्वले छाती फुलाउँदा हुन्, मलाई फेरी एकपल्ट त्यो कालो जंगलको फेदीमा रहेको तिम्रो घरमा जान मन लागिरहेछ । तर अफशोच, त्यहाँ मैले तिमीलाई पाउन सक्ने छैन, मसँग अब तिम्रो स्मृति मात्र बाँकी छन् । तिमीलाई गुमाउनुपर्दाको पीडा त्यो म ओकल्न सक्तिन, तिमीप्रतिको मेरो गर्व–त्यसको उचाई म नाप्न सक्तिन । वर्ग युद्धको दौरानमा कैयौं साथीहरूलाई गुमाउनुपर्‍यो । हरेक पल्ट आँखामा आँशु रसाए, मुटुमा काँडाले घोच्यो तर त्यो हरेक पीडा– यो मनको परिधीभन्दा बाहिर आउन सकेन । गह्रौ पीडाभावहरू यो हृदयको सतह सतहसम्म कैयौ पल्ट छचल्किए तर मैले पीडालाई बाहिर पोखिन दिएन । मेरो जीवनसंगिनी कमरेड भुमिका, जसले खाराको लडाइमा आफ्नो भौतिक शरीरलाई जनताको निम्ति समर्पित गरिन्, मलाई पीडा पनि छ र गर्व पनि छ ।

साथी विजय म पीडाको अथाह सागरभित्र तिमीहरू सबैलाई मोती बनेर चम्किरहेको देख्छु । म कैयौ हारहरूभित्र गर्व गर्नुपर्ने स्थान देख्दछु । र सयौं हजारौ मृत्युहरूमा वास्तविक जीवन जगमगाईरहेको देख्छु। र, फेरी म तिमीलाई विश्वास दिलाउँछु, मैले हरेक पीडादायी घटनाहरूमा गर्वको अनुभुती गर्दछु ।

हो मलाई दुःख लागिरहेछ, मैले लेखेको पत्र तिम्रो हात नपर्दै–त्यो नमिठो खबर मेरो कानमा गुन्जियो–कमरेड विजयको हत्या ।

यो पत्र मेरो लागि तिम्रो स्मृति बनिरहनेछ । र फेरी पनि त्यो तिम्रो निस्वार्थ र विरतापुर्वक बलिदानी-मलाई गर्वको यत्ति अनुभुती छ कि म त्यो उचाईलाई नाप्न सक्तिन । कहिल्यै नाप्न सक्तिन ।

# देखिन छाडे गोरुगाडा



राँझा (बाँके) । तराईका ग्रामीण भेगमा देखिने गोरुगाडा अहिले देख्नै मुस्किल हुन थालेको छ । कृषिमा भित्रिएको आधुनिकीकरण र यातायातका साधनको सहज पहुँचले गर्दा यो परम्परागत साधन विस्थापित हुँदै गएको हो । एक दशक अघिसम्म खेतबाट उखु, धान र पराल बोक्न तथा हाटबजारमा अन्न पुर्‍याउन गोरुगाडाकै प्रयोग हुन्थ्यो । तर, अहिले त्यसको ठाउँ ट्र्याक्टर, टेलर र हाते ट्र्याक्टर (पावर टिलर) ले लिएका छन् । ट्र्याक्टरले धेरै सामान छिटो र छरितो पुर्‍याउने भएपछि किसानहरूको आकर्षण गोरुगाडाबाट हट्दै गएको छ ।

"पहिले बिहेबारीमा जन्ती जान र टाढाका आफन्त भेट्नसमेत गोरुगाडाकै लस्कर लाग्ने गर्दथ्यो तर, अहिले ग्रामीण सडक कालोपत्र हुनु र मोटरसाइकल तथा अटो रिक्साको संख्या बढ्नुले गोरुगाडालाई ओझेलमा पारेको छ",नेपालगञ्ज-१९ सुईयागाउँ निवासी ललवा माहुतले भने-"अहिले त घर घरमा ट्याक्टर र गाडी राख्न थालेपछि गोरुगाडा लोप भएर गए ।"

उनका अनुसार, गोरुगाडा हराउनुको अर्को मुख्य कारण गोरु पाल्ने किसानको संख्या घट्नु पनि हो । खेत जोत्नका लागि ट्याक्टरको प्रयोग बढ्न थालेपछि किसानले गोरु पाल्न छाडेका छन् । गोरु नै नभएपछि गाडा थन्किएका छन् भने कतिपय ठाउँमा गाडा बनाउने डकर्मी र सिकर्मीलेसमेत आफ्नो पेसा परिवर्तन गरिसकेका छन् ।

जतिबेला तराईमा मोटर गाडीको चलन आइसकेको थिएन, त्यो बेला सामान ढुवानीका लागि गोरुगाडा वा राँगागाडाको विकल्प थिएन् । हरेक किसान र व्यापारीसँग घर घरमा गाडा हुन्थे । किसान खेतमा गोबर मल लैजान, पाकेको बाली भित्र्याउन यिनै गाडाको प्रयोग गर्ने गरेको राप्तीसोनारी गाउँपालिका-३ का स्थानीय अगुवा तुलसी थारुले बताइन् ।

"यात्रा गर्दासमेत गोरुगाडा र राँगागाडाको प्रयोग हुन्थ्यो । पहिला-पहिला बिहेमा जन्ती लैजान र बेहुलाबेहुली बोक्नसमेत गोरुगाडाको प्रयोग गर्ने चलन थियो",उनले भनिन्-"अहिले गाउँमा कहींकतै गोरुगाडा देखिने गरेपनि गाडा बनाउने कालीगढ पाइदैन ।"विशेष गरी गाउँमा काठे गोरुगाडाको प्रयोग हुने गरेको थियो । गोरुगाडालाई तान्न गोरु, राँगोसमेतलाई अप्ठ्यारो हुनुका साथै ढुवानी गर्दा कम सामग्री अट्ने, काठको अभाव लगायतका कारणले यसको प्रयोग घट्दै गएको उनको भनाइ छ ।

आधुनिकतासँगै मानिस सुविधाभोगी बन्दै व्यावसायिक हुन थालेपछि गोरुगाडा हराउँदै गएको राप्तीसोनारी-३ का वडाध्यक्ष मीनकुमार थारुले बताए । विगतमा लामो तथा छोटो दुरीका यात्रामा गोरुगाडा कुदाएको स्मरण गर्दै उनले भने-"जमाना धेरै अगाडि बढिसक्यो, अहिले घर घरमा मोटरसाइकल, ट्र्याक्टर र अन्य आधुनिक गाडी आइसके । अहिले प्रविधिको विकासले चलन फेरिएको छ । गोरुगाडा वा राँगागाडा अब इतिहास भइसकेको छ ।"

गोरुगाडा बनाउने काठसमेत सहजै उपलब्ध हुँदैन । जसका कारण दिनानुदिन इतिहास सम्झाउने पुरानो सवारीसाधन गोरुगाडा लोपहुँदै गएको छ, तर लोपोन्मुख अवस्थामा रहेको गोरुगाडाको अहिले संरक्षण हुन नसक्दा गाउँ घरमा त्यसै फालिएका छन् । अहिलेका केटाकेटीले त गोरुगाडा देख्नै पाउँदैनन् ।

'हामीले यही गाडा चढेर कति मेला-बजार गर्यौं, तर अब यो सबै सम्झनामा मात्र सीमित हुने भयो,' नेपालगञ्ज-१९ बसुदेवपुरका ७८ वर्षीय स्थानीय किसान हनिफ खानले दुःख व्यक्त गरे । गोरुगाडा इन्धनमुक्त र वातावरणमैत्री साधन हराउँदै जानु दुःखद पक्ष हो । थारु समुदाय र मधेसी संस्कृतिसँग नजिकबाट जोडिएको यो साधन लोपहुँदा एउटा जीवन्त इतिहास र पहिचान पनि मेटिँदै गएकोमा वातावरण संरक्षणमा क्रियाशील नेपालगञ्जका तेजविक्रम शाह चिन्ता व्यक्त गर्छन् ।

उनका अनुसार, अहिले केही पर्यटकीय क्षेत्र र होटलहरूले पर्यटकलाई मनोरञ्जन दिनका लागि मात्र साङ्केतिक रूपमा गोरुगाडा राख्ने गरेका छन् । तर, वास्तविक रूपमा सामान ओसार्ने यो पुरानो इञ्जिन अब गाउँका सडकबाट पूर्ण रूपमा बिदा हुने तरखरमा छ ।

---

**जेनजीको...**

प्रत्यक्ष निर्वाचनमा पार्टीले दुई तिहाई उम्मेदवार नयाँ उठाएको बताउँदै पार्टीबाट दुई पटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाइने, ४ पटकभन्दा बढी संसदमा उठ्न नपाइने, ३ पटकभन्दा बढी मन्त्री पद नपाउने नीति विशेष महाधिवेशनबाट पारित भएको र सोहीअनुसार कार्यान्वयन गरिने पाटी उप-सभापति शर्माले बताए ।

अन्य दल वा नेताको आलोचना गरेरभन्दा पनि आफ्ना राम्रा काम र एजेन्डाहरू जनतामाझ लगेर चुनाव जित्नुपर्नेमा पार्टी उप-सभापति शर्माले जोड दिए । अरूको सामान खराब भन्नुभन्दा आफ्नो सामानको विशेषता बताउनु नै असल राजनीति भएको शर्माले बताए ।

संसार बदल्न आफैंबाट सुरुवात गर्नुपर्छ भन्ने मान्यताका साथ कांग्रेसले आफूलाई बदल्न सुरु गरिसकेकाले र अन्य दलहरूले पनि यस्तो साहस गर्नुपर्ने उप-सभापति शर्माले जोड दिए । विधि र थिति बसाल्ने, अवसरको न्यायोचित वितरण गर्ने र युवा पुस्तालाई समेट्दै पार्टीलाई आधुनिक र गतिशील बनाउने अभियानमा नेपाली कांग्रेस लागेको उप-सभापति शर्माले दाबी गरे ।

कार्यक्रममा पाल्पा क्षेत्र नं. १ का उम्मेदवार सन्दिप राना, क्षेत्र नं. २ का उम्मेदवार हिमालदत्त श्रेष्ठले पाल्पाको विकास, पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकासको नेपाली कांग्रेसमा मतदान गर्न आम पाल्पाली मतदाताहरुलाई अनुरोध गरेका थिए ।

**नेकपा...**

५ का उम्मेदवार भट्टराईले लुम्बिनी विकास कोषलाई भ्रष्टाचारमुक्त बनाउने जनाए ।

नेकपा माओवादीबाट क्षेत्र नम्बर १ मदनबहादुर थारु (जस्वन्त) र ३ मा शंकर ज्ञवाली उम्मेदवार छन् । तर उनीहरु मतदाताको घरदैलोमा व्यस्त भएकाले पत्रकार सम्मेलनमा उपस्थित भएनन् ।

कार्यक्रममा पार्टीका पोलिटब्यूरो सदस्य बसन्त श्रेष्ठले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीमा जानुपर्ने, संविधान पुनर्लेखन गर्नुपर्ने पार्टीको एजेण्डा रहेको बताए । नेपालको राजनीतिक परिवर्तन, सामाजिक रुपान्तरणमा जनयुद्धको भूमिका ऐतिहासिकरुपमा महत्वपूर्ण रहेको उनले बताए । जनयुद्धका उपलब्धिमा रमाउने र लाभ लिने तर जनयुद्धलाई गलत भन्ने विडम्बना रहेको श्रेष्ठको भनाइ छ । 'राजतन्त्रवादीहरुले जनयुद्धको विरोध गर्नु जायज भए पनि गणतन्त्र बादीहरुले विरोध गर्नु राजनीतिक बेइमानी हो,' श्रेष्ठले भने-'जनयुद्धका मर्म र भावनाअनुसार चल्न नसक्दा र नदिँदा नागरिकमा असन्तुष्टी र वितृष्णा बढेर जेनजी आन्दोलन निम्तिएको हो, तर अब हुने चुनावले पनि विद्यमान समस्या समाधान हुने विश्वास छैन ।'

पुरानाको विकल्प भन्दै नयाँ भन्नेहरुमा नजन्मिँदै पुरानाको रोग सरेको र उनीहरुले देशको नेतृत्व पाए देशको राष्ट्रियता रहन्न भन्ने संकटपूर्ण अवस्थामा मुलुक उभिएको उनले औंल्याए । तडकभडकपूर्ण खर्चिलो निर्वाचन भ्रष्टाचारको बिउ भएको भन्दै श्रेष्ठले राजनीतिक प्रणाली, न्याय प्रणाली, कर्मचारीतन्त्र र अर्थतन्त्र सबै क्षेत्रमा सुधार मुख्य एजेण्डा रहेको बताए । कार्यक्रममा नेता शरद वली, पत्रकार महासंघ रुपन्देही अध्यक्ष दिनेश पाण्डेलगायतले आफ्ना भनाइ राख्दै सामाजिक सञ्जालमा आएका सामग्रीको भ्रममा नपरी विवेक प्रयोग गरी मतदान गर्नुपर्नेमा जोड दिए ।

## बोलपत्र पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२ / ११ / ०२**

यस नारायणी फलफुल सेन्टर र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ रुपन्देहीको लागत साझेदारीमा केराको राइपेनिंग च्याम्बर स्थापना गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस नारायणी फलफुल सेन्टर, सुस्ता गा.पा-५, नवलपरासी ब.सु.प. मा नियमपूर्वकको कागजात सहित बोलपत्र फारम खरिद गरि मिति २०८२/१२/०६ दिउँसो १२ बजेभित्र यस संस्थामा बोलपत्र पेश गर्न आह्वान गरिएको छ । विस्तृत जानकारीको लागि सम्बन्धित संस्थामा सम्पर्क राख्न समेत जानकारी गरिन्छ ।

| ठेक्का नं | विवरण | ल.ई.रकम | धरौटी रकम दस्तुर रु | दस्तुर | |
|---|---|---|---|---|---|
| NCB/ GOODS/ NARAYANI /082-83/01 | Establishment of Three Roomed Ripening Chamber at Susta Rural Municipality, Nawalparasi | 2804234.51 | 71000.00 | 3000.00 | The technical details of the equipments as per approved specification and standards mentioned in the bidding document |

**नारायणी फलफुल सेन्टर**
**सुस्ता गा.पा – ०५, नवलपरासी (व.सु.प)**
**सम्पर्क नं. ९८६७७८०३२५, ९७६४३५०६७८**

# Mandavi Secondary School

**Nayagau, Pyuthan**
**Lumbini province, Nepal**

## Invitation For Bids

(Date of First publication : 2082/11/01)

1.Mandavi Secondary school invites bids from duly registered eligible national bidders for the following works.

| Contract ID | Descriptions and location of work | Bid Document Fee(Nrs) | Bid Security Amounts (Nrs) | Bid Validity Period in Days |
|---|---|---|---|---|
| 01-MSS/ NCB- 2082/83 | "Construction of toilet block, fountain and concrete interlocking pavement" | 3,000.00 | 2,25,000.00/- | 90 |

2. Information to depositthe cost of Bidding Document and Bid bond in bank.

| Office Name | Mandavi Secondary school, Nayagau, Pyuthan | Last date of bid submission | 2082/12/02Before 12:00 pm |
|---|---|---|---|
| Name of Bank | Himalayan Bank Ltd. | Pre-bid meeting | 2082/11/21at 12:00 pm |
| Rajaswa khata no | 12057346860027 | Opening | 2082/12/02 at 12:30 pm |
| Deposit Account no | 26649610830018 | | |

Principal

# माथागढी गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**
**झडेवा, पाल्पा**

## नदीजन्य पदार्थको उत्खनन, संकलन, बिक्रीका लागि सिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धि सूचना

(दोस्रो पटक प्रकाशित मितिः२०८२/११/०२)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२(क) को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,करचुक्ता प्रमाणपत्र, ठेक्का कार्य गर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | बगर तथा नदी क्षेत्र | उत्खनन् हुने अधिकतम परिमाण (क्यु फिट) | न्युनतम कबोल रकम (कर बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | MRM/IRR/SQ/02/2082-83 | अगाहा खोला क्षेत्र-१, वडा नं-१ | ४६,२१७.००/- | २,७७,३०२.००/- | १०००/- |
| २ | MRM/IRR/SQ/03/2082-83 | अगाहा खोला क्षेत्र-२, वडा नं -१ | २५,९१३.४६/- | १,५५,४८०.७६/- | १०००/- |
| ३ | MRM/IRR/SQ/04/2082-83 | झडेवा खोला क्षेत्र-१, वडा न-४ | १,२५,८००.४३/- | ७,५४,८०२.५८/- | १०००/- |
| ४ | MRM/IRR/SQ/05/2082-83 | अरुण नदी क्षेत्र-२, वडा नं -८ | ८०,६५७.२३/- | ४,८३,९४३.३८/- | १०००/- |
| ५ | MRM/IRR/SQ/06/2082-83 | झुस्मा खोला क्षेत्र-१, वडा नं -६ | २८,५९०.००/- | १,७१,५४०.००/- | १०००/- |
| ६ | MRM/IRR/SQ/07/2082-83 | झुस्मा खोला क्षेत्र-२, वडा नं -६ | ४१,२०२.९९/- | २,४७,२१७.९४/- | १०००/- |
| ७ | MRM/IRR/SQ/08/2082-83 | तिनाउखोला क्षेत्र-१, वडा न-३ | २४,७३४.८५/- | १,४८,४०९.१०/- | १०००/- |
| ८ | MRM/IRR/SQ/09/2082-83 | तिनाउ खोला क्षेत्र-२, वडा नं-३ | ३१,७३९.२८/- | १,९०,४३५.७०/- | १०००/- |
| ९ | MRM/IRR/SQ/10/2082-83 | तिनाउ खोला क्षेत्र-३, वडा नं-३ | ६२,२९३.००/- | ३,७३,७५८.००/- | १०००/- |
| १० | MRM/IRR/SQ/11/2082-83 | तिनाउ खोला क्षेत्र-४, वडा नं-३ | ५५,९०१.८६/- | ३,३५,४११.२०/- | १०००/- |
| १ | MRM/IRR/SQ/12/2082-83 | तिनाउ खोला क्षेत्र-५, वडा नं-३ | ८६,६८७.८९/- | ५,२०,१२७.४०/- | १०००/- |
| १२ | MRM/IRR/SQ/13/2082-83 | तिनाउ खोला क्षेत्र(६, वडा नं(३ | २,१६,५८९.०८/- | १२,९९,५३४.००/- | १०००/- |
| १३ | MRM/IRR/SQ/14/2082-83 | तिनाउ खोला क्षेत्र-७, वडा नं-१ र २ | ८७,३८८.३०/- | ५,२४,३२९.८०/- | १०००/- |
| १४ | MRM/IRR/SQ/15/2082-83 | तिनाउ खोला क्षेत्र-९, वडा नं-१ | २६,०९७.१९/- | १,५६,५८३.२०/- | १०००/- |
| १५ | MRM/IRR/SQ/16/2082-83 | तिनाउ खोला क्षेत्र-११, वडा नं-२ | ६३,२७९.६९/- | ३,७९,६७८.२०/- | १०००/- |
| १६ | MRM/IRR/SQ/17/2082-83 | तिनाउ खोला क्षेत्र-१२, वडा नं-२ | २,००,१३७.५९/- | १२,००,८२६.००/- | १०००/- |
| १७ | MRM/IRR/SQ/18/2082-83 | तिनाउ खोला क्षेत्र-१३, वडा नं-१ | ७१,९८३.८९/- | ४,३१,९०३.३०/- | १०००/- |
| १८ | MRM/IRR/SQ/19/2082-83 | तिनाउ खोला क्षेत्र-१४, वडा नं-२ | २६,७१९.४२/- | १,६०,३१६.६०/- | १०००/- |

१. सिलबन्दी दरभाउपत्र फारम खरिद गर्न माथागढी गाउँपालिकाको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड माथागढी शाखामा रहेको खाता नं.MATHAGADHI GAUNPALIKA ANTAKIR RAJASHWO KHATA २९३०१४००००००२४ मा दरभाउपत्र दस्तुर (ठेक्का अनुसारको) जम्मा गरेको सक्कल भौचर फिर्ता नहुने गरि पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन (२०८२/११/१७) सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. ठेक्का न. अनुसारको छुट्टा छुट्टै सिलबन्दी दरभाउपत्र १६ औ दिनको (२०८२/११/१८) दिउसो १२:०० बजे सम्म कार्यालयमा पेश गर्नु पर्नेछ । सो दिन सावजनिक बिदा पर्न गएमा बिदाको भोली पल्ट बोलपत्र पेश गर्नु पर्नेछ । साथै सोही दिनको दिउसो १:०० बजे यस कार्यालयमा बोलपत्र खोलिनेछ । सिलबन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको रकमको ५ प्रतिशत धरौटी रकम माथागढी गाउँपालिकाको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड माथागढी शाखामा रहेको खाता नं. MATHAGADHI GAUNPALIKA DHARAUTI KHATA२९३०१४०००००१५४ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ वा बोलपत्रको हकमा राष्ट्र बैंकबाट क श्रेणीको मान्यता प्राप्त बैंकको कम्तिमा ७५ दिन म्याद रहेको बैंक ग्यारेन्टि पेश गर्नुपर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# Butwal Sub-Metropolitan City

**Office of the Municipal Executive**
Butwal, Rupandehi
LumbiniProvince, Nepal

## Invitation for Bids

**Date of Publication: 2082/11/01 B.S.**

1. Butwal Sub-Metropolitan City, Butwal, Rupandehi, invites bids from eligible and qualified bidders for the followings construction works.

| S.N | Contract No. | Description of works | Estimate Amount ( excluding VAT and Contingencies including PS)(NRS) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | 06/082-83 /BSMC/IDD/ Works/ NCB | Construction of Multipurpose Hall ward no. 9 | NRs. 65,40,666.70 | 1,65,000.00 | 3,000.00 | 2082/12/01 B.S Time upto 12.00hrs | 2082/12/01 B.S. Time at 14.00 hrs |

2. Information to deposit the cost of bidding document and bid bond in the bank:

| Office Name | Butwal Sub-Metropolitan City, Butwal | Rastriya Banijya Bank, Butwal |
|---|---|---|
| Office Code No. | 801054801 | |
| Account Head | 14229 | |
| For Tender fee Deposit | Sutrarevenue.fcgo.gov.np | |

3. Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) only.
4. Pre-bid Meeting shall be held at Urban Infrastructure Development Division , Date : 2082/11/20, Time 13:30 hrs
5. Any Condition so far not cover shall be as per Public Procurement Act 2063 (including all amendment), and Public Procurement Regulation 2077 of Butwal Sub Metropolitan City. Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.
6. Butwal Sub-Metropolitan City, Butwal, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Procurement Unit**
**Butwal Sub-Metropolitan City**
**Butwal, Rupandehi**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# बगनासकाली ३ ले विद्यालयस्तरबाटै प्रतिभा पहिचान गर्दै



कृष्ण पोखरेल

*पाल्पा*

बालबालिकामा लुकेको ज्ञान, सीप तथा सिर्जनशील प्रतिभालाई विद्यालयस्तरबाटै पहिचान र प्रोत्साहन गर्ने उद्देश्यका साथ बगनासकाली गाउँपालिका वडा नं. ३, नायर नम्तलेसले प्राथमिक तहस्तरीय चित्रकला तथा नृत्य प्रतियोगिता गरेको छ । वडाभित्र रहेका नारायण प्रावि, चण्डेश्वरी प्रावि, बालविकास प्रावि, सिद्धि मावि र सगरमाथा सामुदायिक विद्यालयमा प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरूको सहभागितामा प्रतियोगिता आयोजना गरिएको हो ।

बालबालिकाको सर्वाङ्गीण विकासका लागि शैक्षिक उपलब्धि मात्र पर्याप्त हुँदैन भन्ने मान्यतालाई आत्मसात गर्दै वडा कार्यालयले सिर्जनात्मक र अतिरिक्त क्रियाकलापलाई समेत प्राथमिकता दिएको हो । प्रतियोगितामा बालबालिकाले बालमैत्री विद्यालयको विषयमा चित्र बनाएका थिए । बगनासकाली गाउँपालिकालाई लुम्बिनी प्रदेशमै पहिलो बालमैत्री गाउँपालिका घोषणा गरिएको थियो । पाँच वर्ष अवधीमा पुनः सुनिश्चितता कायम रहेको पालिका घोषणाको तयारीमा जुटेको छ । चित्रकलामा प्राथमिकत तहका १० जना बालबालिकाको सहभागिता रहेको थियो ।

चित्रकला प्रतियोगितामा ९ जना प्रतिष्पर्धीहरुलाई पछि पार्दै सगरमाथा सामुदायिक विद्यालयका सुवास सारु प्रथम भएका छन् भने नारायण प्राविका उत्सव भित्रिया द्वितीय र सिद्धि माविका सोनिया खाम्चाले तृतीय स्थान प्राप्त गरेका छन् । यसैगरी नृत्यतर्फ सगरमाथा सामुदायिक विद्यालयको समूह प्रथम, सिद्धि माविको समूह द्वितीय र नारायण प्राथमिक विद्यालयको समूहले तृतीय स्थान हासिल गरेका छन् ।

चित्रकला तथा नृत्यमा विजयी व्यक्ति तथा विद्यालय समूहलाई गाउँपालिका अध्यक्ष सरस्वती चिदी, प्रमुख प्रशासकीय अधिकृत प्रकाश पाण्डे, वडा अध्यक्ष टिकाबहादुर थापा, वडा सदस्य बसन्ती थापा, शिक्षा शाखा प्रमुख निशा पाण्डेलगायतले पुरस्कार वितरण गरेका थिए । सोही कार्यक्रममा वडाभित्रका पाँच विद्यालयलाई, शैक्षिक सामग्रीहरु समेत वितरण गरिएको छ ।

विद्यालय तह नै बालबालिकाको प्रतिभा पहिचान गर्ने सबैभन्दा उपयुक्त चरण मानिन्छ, यही उमेरमा उनीहरूको रुचि, क्षमता र सिर्जनशील सोच स्पष्ट देखिन थाल्छ, यदि समयमै पहिचान गरी मार्गदर्शन गरिएमा उनीहरू भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत प्रतिस्पर्धा गर्न सक्षम हुने पालिका अध्यक्ष सरस्वती चिदी दर्लामीले बताइन् ।

संघीय संरचनापछि स्थानीय सरकारलाई शिक्षा, संस्कृति र युवा विकाससम्बन्धी अधिकार पाएकोले वडा तथा पालिकाले विद्यालयसँग समन्वय गर्दै बालप्रतिभा पहिचान र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिएको पालिकाका प्रमुख प्रशासकीय प्रमुख प्रशासकीय अधिकृत प्रकाश पाण्डेले बताए ।

वडास्तरमा उत्कृष्ट ठहरिएका विद्यार्थीहरूलाई पालिकास्तरमा सहभागिता गराइने योजना रहेको ३ नं. वडा कार्यालयले जनाएको छ । पालिकाबाट छनोट भएका प्रतिभाहरूलाई जिल्लास्तर, त्यसपछि प्रदेश र अन्ततः राष्ट्रियस्तरसम्म पुर्‍याउने लक्ष्य लिइएको वडा अध्यक्ष टिकाबहादुर थापाले बताए ।

चित्रकला र नृत्यजस्ता सिर्जनात्मक गतिविधिले बालबालिकामा कल्पनाशक्ति, अभिव्यक्ति क्षमता, अनुशासन र समूहकार्यको भावना विकास गराउँछ । पाठ्यपुस्तकमा सीमित शिक्षा भन्दा बाहिर निस्केर व्यवहारिक र कलात्मक ज्ञान हासिल गर्ने अवसर यस्ता प्रतियोगिताले दिएको पालिका शिक्षा शाखा प्रमुख निशा पाण्डेले बताइन् । सबै विद्यार्थीलाई एउटै मापदण्डबाट मूल्याङ्कन गर्ने प्रवृत्तिको सट्टा यस्ता प्रतिभा पहिचान कार्यक्रमले विविधता पहिचान हुने उनले बताइन् । पालिकाले बालबालिका प्रतिभा पहिचान कार्यक्रमलाई निरन्तरता र संरचनागत सहयोग गर्दै आएको जनाएको छ । बगनासकाली-३ मा सुरु गरिएको यो पहलले अन्य वडाहरूलाई समेत प्रेरणा दिने अपेक्षा गरिएको छ ।

विद्यालयस्तरबाटै प्रतिभा पहिचान र प्रवर्द्धन कार्यक्रमले बालबालिकाको उज्ज्वल भविष्य निर्माणमा टेवा पुर्‍याउने छ । स्थानीय सरकारको सक्रियता र निरन्तर सहयोगले ग्रामीण क्षेत्रका बालप्रतिभालाई राष्ट्रिय मञ्चसम्म पुर्‍याउने आधार बनाउने छ ।

वडा सदस्य बसन्ती थापाको स्वागत, वडा सचिव विराट गैरेको सञ्चालनमा भएको प्रतियोगिता कार्यक्रममा नारायण प्रावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धनप्रसाद श्रेष्ठ, सिद्धि माविकी प्रधानाध्यापक ममता ज्ञवालीले कार्यक्रमको महत्वको बारेमा चर्चा गरेका थिए । कार्यक्रम वडा अध्यक्ष टिकाबहादुर थापाको अध्यक्षतामा चलेको थियो ।

# १६औं स्थापना दिवसमा ८० हजार सहयोग

बुटवल । ग्रील, स्टिल तथा आल्मुनियम व्यवसायी संघ रुपन्देहीको १६औं स्थापना दिवसमा आर्थिक सहयोग प्रदान गरिएको छ । संघकी अध्यक्ष मीना थापा तुलाधरलगायतले देवदहका व्यवसायी मुक्तिबहादुर केसीलाई ८० हजार रुपैयां राहत स्वरुप प्रदान गरेका हुन् । उक्त रकम संघमा आबद्ध व्यवसायीबाट र संघको तर्फबाट संकलन गरी प्रदान गरिएको हो ।

कार्यक्रममा संघकी अध्यक्ष तुलाधरले संघको स्थापना गर्ने संस्थापकहरुप्रति सम्मान व्यक्त गर्दै स्थापना दिवसको अवसरमा सबै व्यवसायीलाई शुभकामना दिँदै संघलाई अझै गतिशील र व्यवसायीको हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

कार्यक्रममा सल्लाहकार विनोद दर्लामी, निवर्तमान अध्यक्ष बुद्धिप्रसाद गुरुङ, सल्लाहकार पुर्ण बहादुर सारु, पूर्व अध्यक्षहरु तुलबहादुर सारु, मोहनप्रसाद भट्टराईले पनि व्यवसायीबिच एकता र मित्रता हुनुपर्नेमा जोड दिए ।



कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष टोलराज डम्बरपाल, सचीव नारायणप्रसाद नेपाल, कार्यक्रम संयोजक अनिल विकले पनि शुभकामना मन्तव्य व्यक्त गरे भने आर्थिक सहयोग प्राप्त गरेका मुक्तिबहादुर केसीले संघबाट प्राप्त रकमले राहत मिलेको भन्दै संघलाई धन्यवाद प्रकट गरे ।

# देशको अर्थतन्त्र सुधार्न कृषि क्रान्ति : पौडेल



बुटवल । नेपाली काँग्रेसको तर्फबाट रुपन्देही क्षेत्र नं. २ का उम्मेदवार चुन्नप्रसाद पौडेलले देशको अर्थतन्त्र सुधार गर्न कृषि क्रान्ति अपरिहार्य रहेको बताएका छन् ।

उनले कृषि क्रान्ति गर्न सक्ने हो भने पलायन भइरहेको पुँजी रोक्न सकिने बताउँदै कृषि क्रान्तिका लागि आफूले सुरुवात गरेको भनाइ राखे ।

तर निजी क्षेत्रबाट भएको सानो प्रयासले मात्रै नपुग्ने कृषि क्रान्ति हुन नसक्ने बताउँदै उनले सरकारले नै त्यसका लागि वातावरण बनाउने, लगानी आकर्षण र लगानीको सुरक्षा गर्नुपर्ने भनाइ राखेका थिए ।

यशोदा फूडका सञ्चालक समेत रहेका उम्मेदवार पौडेलले यशोदा फूडको उत्पादन करेन्ट चाउचाउले नेपाली किसानले उत्पादन गरेको वार्षिक १ अर्ब बढीको अकबरे खुर्सानी खपत गरिरहेको जानकारी गराए ।

उनले नेपाली किसानले उत्पादन गरेको अकबरे खुरसानीसहितको करेन्ट चाउचाउ २५ बढी देशमा निर्यात भइरहेको बताउँदै स्वदेशी बस्तु उत्पादनमा किसानलाई भइरहेको प्रोत्साहन र उत्पादित बस्तुको विदेश निर्यातले एकातिर एकातिर पुँजी पलायन राकिएको र अर्कोतिर बस्तुको निर्यातले विदेशी पुँजी भित्र्याएको उल्लेख गरे ।

नेपाल किसान महासंघले शुक्रबार बुटवलमा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले आफूहरुको यो सानो प्रयास भएको र नेपालमा यस्ता उद्योगहरु धेरै खुल्न आवश्यक रहेको भनाइ राखेका थिए ।

कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य रामबहादुर कार्कीले काँग्रेस देशको मियो भएको बताउँदै देशको विकास र समृद्धिको लागि काँग्रेसको नेतृत्वमा सरकार बनाउनु पर्ने बताए । त्यस्तै नेपाली काँग्रेस रुपन्देही क्षेत्र नं. २ का सभापति तथा निर्वाचन परिचालन मुल समितिका संयोजक प्रजापाल गिरीले देशलाई अफ्ठ्यारो परेका बेला काँग्रेसले नै निकास दिँदै आएको बताए । नेपाल किसान महासंघकी प्रदेश अध्यक्ष रीता खड्काको अध्यक्षतामा भएको कार्यक्रममा आसन्न निर्वाचनमा काँग्रेसका तर्फबाट प्रतिनिधिसभाकी समानुपातिक उम्मेदवार रीता सेन, लक्ष्मण घिमिरेलगायतले भनाइ राखेका थिए ।

काँग्रेस उम्मेदवार पौडेलले बुटवललाई स्वास्थ्य हव बनाउने पनि प्रतिबद्धता व्यक्त गरेका छन् । शुक्रबार स्वास्थ्य क्षेत्रका अस्पताल सञ्चालक, औषधी व्यवसायी तथा फर्मासिष्टहरुलाई सम्बोधन गर्दै उनले बुटवलको लुम्बिनी प्रादेशिक अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने, सिद्धार्थ बाल तथा महिला अस्पताल (आम्दा)लाई मेडिकल कलेजको रुपमा विकास गर्ने तथा नीजि क्षेत्रबाट सञ्चालित अन्य अस्पताल तथा स्वास्थ्य संस्थाहरुलाई थप गुणस्तरीय र सुविधा सम्पन्न बनाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले बुटवललाई स्वास्थ्यको हव बनाउने आफ्नो योजना रहेको सुनाएका थिए ।

# 'दीप गायन तारा'मा १७ जना छनोट

बुटवल । तेह्रौं संस्करणको दीप गायन ताराको छनोट चरण शुक्रबार सम्पन्न भएको छ । बुटवल सुख्खानगरस्थित दीप बोर्डिङ्ग हाई स्कुलले हरेक वर्ष गीतसङ्गीतको क्षेत्रमा योगदान पुर्‍याउँदै नयाँ प्रतिभाको खोजी गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्दै आएको छ । प्रतियोगिताको छनोट चरणमा रुपन्देहीका सरकारी र निजी विद्यालयका कक्षा १० सम्मका ४५ जना विद्यार्थीहरु सहभागी भएका थिए । प्रतियोगीहरूले ट्र्याकसहित गीत प्रस्तुत गरेका थिए ।

छनोट चरणबाट उत्कृष्ट १७ जनालाई फाइनल चरणका लागि छनोट गरिएको छ । जसमा गौरव गुरुङ, रिवाज सारु, अभिमन्यु सुनार, प्रिन्स कँडेल, शुसान्त क्षेत्री, विशिका परियार, मेलिसा परियार, साकार शाही, जेसन बराल, अंकुर बराल, खुसी राना, रिजन काफ्ले, प्रज्ञा न्यौपाने, असिम राना, रेजिन थापा, नितेश पौडेल र सोनाक्षी क्षेत्री अन्तिम चरणको लागि छनोट भएका छन् ।

छनोट चरणबाट उत्कृष्ट १७ मा परेका प्रतियोगीहरूको फाइनल प्रतिस्पर्धा फागुन ४ गते हुनेछ । फाइनल चरणमा पनि प्रतियोगीहरूले ट्र्याकसहित गीत गाउनुपर्ने छ । यस चरणबाट छनोट भएका उत्कृष्ट पाँच जनालाई पुरस्कृत गरिने छ । यो चरणमा प्रतियोगीले ट्र्याकसहित एउटा राष्ट्रिय गीत र एउटा स्वेच्छिक गीत गाउनुपर्ने कार्यक्रम संयोजक शिक्षक कृष्ण भुसालले जानकारी दिए । प्रतियोगिताको उपाधि विजेतालाई नगद ५० हजार, उप-विजेतालाई ३० हजार र तेस्रो हुनेलाई नगद २० हजारसहित शिल्ड र प्रमाणपत्र पाउनेछन् । यस्तै प्रतियोगितामा सान्त्वना हुने दुई जनालाई नगद ५/५ हजार रुपैयाँ प्रदान गरिनेछ ।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाइ रुपन्देहीका प्रमुख विष्णुप्रसाद पन्थीले विद्यालयका अतिरिक्त क्रियाकलापलाई अतिरिक्त नभनेर अनिवार्य विषयवस्तु मान्नुपर्नेमा जोड दिए । उनले विद्यार्थीको सर्वपक्षीय विकास हुनुपर्ने बताउँदै दीपले आफ्ना शैक्षिक र रचनात्मक गतिविधिका साथ कलाकार जन्माउने उद्योगका रूपमा आफूलाई भविष्यमा उभ्याउने विश्वास व्यक्त गरे ।

विद्यालयका प्राचार्य टीकाराम न्यौपानेले विद्यार्थीको सर्वाङ्गीण विकाससँगै विद्यार्थीको प्रतिभा उजागर गर्न विद्यालयले विभिन्न प्रतियोगिताहरु सञ्चालन गर्दै आएको बताए । कार्यक्रममा विद्यालयका अध्यक्ष राजेन्द्र ध्वजूले दीप बोर्डिङ् हाई स्कुल शैक्षिक गुणस्तरसँगै विद्यार्थीको समग्र विकासमा केन्द्रित रहेको जनाए ।

यस्तै बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले विद्यालयस्तरका विद्यार्थीहरुका लागि गायन क्षेत्रमा उपयुक्त प्लेटफर्म दिएको र सरकारी तवरबाट गर्नुपर्ने कार्य दीपले गरेकोमा धन्यवाद व्यक्त गरे ।

उक्त कार्यक्रममा विद्यालयका शैक्षिक संयोजक सन्दीप पंटेल, उप-प्राचार्यत्रय ज्ञानु थापा, कलाधर अर्याल, सुरेन्द्रकुमार शाक्य, विद्यालय व्यवस्थापन समितिका उपाध्यक्ष उमाकान्त चापागाईं, सदस्य विष्णुमाया श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो ।

# रूपन्देही-३ का उम्मेदवारसँग अन्तर्क्रिया

भैरहवा । रुपन्देही । फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै सिद्धार्थ सञ्जाल रुपन्देहीको आयोजनामा रुपन्देही क्षेत्र नं. ३ का उम्मेदवारहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सहभागी युवाहरूले प्रत्यक्ष र तीखा प्रश्न सोध्दै आफ्नो असन्तुष्टि र अपेक्षा व्यक्त गरेका थिए । क्षेत्र नम्बर ३ किन रोज्नुभयो ? के भिजन र सपना देखेर यहाँ आउनुभएको हो ? पार्टीको आधारमा हो कि टिकटको आधारमा ?

साथै विगतका सरकारका निर्णय र राजनीतिक स्थायित्वबारे प्रश्न गर्दै भविष्यमा अडान फेरिने-नफेर्ने ग्यारेन्टी के छ ? भन्दै कार्यक्रममा सहभागीहरुले प्रश्न गरे ।

कार्यक्रममा विशेष ध्यान विमानस्थल सञ्चालनको विषयमा पनि केन्द्रित थियो । "गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल किन ठीकसँग चलेन ? विगतमा के कारणले संचालनमा समस्या आयो ?" कार्यक्रममा सहभागीले सोधे ।

युवाले पार्टी एजेन्डा, समानुपातिक उम्मेदवार छनोटमा पिछडिएका समुदायको प्रतिनिधित्व, नेतृत्व क्षमताबारे पनि प्रश्न उठाए । यसैगरी, राजीनामा र उम्मेदवारीको स्पष्टता, राजनीतिक स्थायित्व र सामाजिक न्यायसम्बन्धी प्रश्नहरू उठाइए । उम्मेदवारहरूले जवाफमा आफ्नो योजना व्यवहारमै लागू गर्ने, जनताको अपेक्षा अनुसार काम गर्ने र विमानस्थललगायत क्षेत्रीय विकासलाई प्राथमिकता दिने प्रतिबद्धता जनाए ।

कार्यक्रमले युवापुस्ताको राजनीतिक सचेतना र असन्तुष्टिलाई स्पष्ट झल्काएको आयोजकले बताएका छन् । निर्वाचन नजिकिँदै गर्दा रुपन्देही क्षेत्र नं. ३ मा राजनीतिक बहस चर्किँदै गएको र यस्तो अन्तरक्रियाले मतदाता र उम्मेदवारबिच प्रत्यक्ष संवाद र जवाफदेहिता बढाउने अपेक्षा गरिएको छ ।

# निर्वाचन प्रहरीमाथि 'गुरुबा'द्वारा कुटपिट

नवीन लोचनमगर

*रोल्पा*

रोल्पामा निर्वाचन प्रहरीमाथि 'गुरुबा' अर्थात् तालिम प्रशिक्षकहरुले अस्पतालसम्म पुग्नेगरी कुटपिट गरेको घटना बाहिरिएको छ । गएको सोमबार घटेको उक्त घटनालाई प्रहरीले गुपचुपमा मिलाए पनि अन्ततः घटनाको वास्तविकता बाहिरिएको छ । प्रशिक्षणका लागि खटाइएका जनपद प्रहरीले जथाभावी लट्ठी प्रहार गर्दा १ सय ४ जना निर्वाचन प्रहरी घाइते भएका छन् । जसमध्ये १६ जना रोल्पा अस्पताल रेउघामा भर्ना भएको र उपचारपश्चात् डिस्चार्ज गरिएको उपचारमा संलग्न रोल्पा अस्पतालका चिकित्सक डा. निरज घर्तीमगरले जानकारी दिए । उनकाअनुसार तीनजनाको एक्सरे गरिएको थियो भने धेरैजसोको ढाडमा र एकजनाको पुट्ठामा निलडाम बसेको थियो । लट्ठी प्रहारको क्रममा केहीको मोबाइल फुटेको नाम नबताउने शर्तमा एक निर्वाचन प्रहरीले बताए ।

**के भएको थियो घटना ?**

सोमबार बेलुकी करिब ६ बजेतिर लिबाङको साततालेमा अवस्थित सहिद प्रतिष्ठानको भवनमा खाना खाएर निर्वाचन प्रहरी बस्दै आएको कबर्ड हलतिर उनीहरु लाइनबद्ध फर्किरहेका थिए । सरिकोट पोलिटेक्निक अगाडि साँघुरो र घुमाउँरो सडकमा दुईजना 'गुरुबा'हरु मोटरसाइकलमा हुइँकिदै आए । ती 'गुरुबा'हरु थिए- प्रहरी जवान द्वय आरके खड्का र तिलक घर्तीमगर । एक्कासी आएको मोटरसाइकलको आवाजले केही तर्सिए । तर्सिएको देखेर पछिल्लोतिरका केही निर्वाचन प्रहरी गिज्याएजस्तो गरी हाँसे ।

एक निर्वाचन प्रहरीकाअनुसार गुडिरहेका उनीहरुले बेइज्जत महसुस गरे र खाना खाएर फर्किरहेका सबै निर्वाचन प्रहरीलाई मेस सञ्चालन भइरहेकै ठाउँ सहिद प्रतिष्ठानमा फर्किन आदेश दिए । त्यहाँ पुगेलगत्तै 'हाँस्ने को को हो ?' भन्दै आरके खड्का कड्किए । निर्वाचन प्रहरी समूहमा कोही बोलेनन् ।

त्यसपछि आरकेले उनीहरुमाथि लाइनमै लठ्ठी बजार्न सुरु गरे । लाठ्ठी हान्न अर्का जवान तिलक घर्तीमगरले पनि सघाइरहेको निर्वाचन प्रहरी बताउँछन् । त्यहाँ एकअर्काबिच कुरा पनि गर्न नदिई लाइनबद्ध बासस्थान टुँडिखेल नजिकको कबर्ड हलमा ल्याइयो । कुटिनेमा ५२/५२ जनाको दुई समूह थिए । हल प्रवेशपछि निर्वाचन प्रहरीहरुबिच बल्ल एकआपसमा कुराकानीको वातावरण बन्यो र उनीहरुले उक्त ज्यादतीको विरोध गर्ने निधो गरे । हलमा विरोधको आवाज बढ्न थाल्यो । त्यहाँ प्रहरी सहायक निरीक्षक चित्रबहादुर घर्तीमगर थिए । उनले आन्दोलित निर्वाचन प्रहरीलाई सम्झाई बुझाई गरेको बताइएको छ ।

विषय गुपचुपमा साम्य भएजस्तो देखिए पनि समस्या समाधान भने भइसकेको छैन ।

निर्वाचन प्रहरीका अनुसार कुटपिटमा संलग्न प्रहरी जवानहरुलाई विभागीय कार्बाही गर्ने मौखिक आश्वासन मात्र पाएको, तर कार्बाही भएनभएकोबारे निर्वाचन प्रहरीहरु शंका व्यक्त गर्छन् । यसबारे रोल्पा प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माले पनि घटना भएको स्वीकार गरे । 'निर्वाचन प्रहरीलाई अनुशासनमा बस्नुस् भनेर प्रशिक्षकहरुले अलि कडाइ गरिएको देखियो,' प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माले भने-'अलि कडा गर्न खोज्दा केही गुनासो आएका होलान्, धेरै ठूलो विषय होइन ।' उनले उक्त कार्यमा संलग्न प्रहरी जवानहरुलाई विभागीय कार्बाही प्रक्रिया अगाडि बढाइएको बताए । केही नजानेको निर्वाचन प्रहरीलाई नियमित प्रहरीकैजस्तो गर्न खोज्दा गुनासो आएको हुनसक्ने उनको भनाइ छ । यसबारेमा प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीले भने आफूलाई जानकारी नभएको प्रतिक्रिया दिएका छन् । कुटपिटको घटनालाई कतिपयले मानवअधिकार उलंघनका रुपमा पनि लिएका छन् ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com